


**"समुन्नत अछामको संकल्प–अधुरा कामको पूर्णता, विकास र रोजगारीको सुनिश्चितता"**

आदरणीय अछाम क्षेत्र नं. २ का न्यायप्रेमी मतदाता आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू, जय नेपाल !

परिवर्तित समयसंगै फेरि एकपटक हामी नयाँ इतिहास लेख्ने सँघारमा उभिएका छौँ । विगतको निर्वाचनमा यहाँहरूले म माथि देखाउनुभएको अगाध विश्वास र दिनुभएको अमूल्य मत मेरा लागि केवल विजयको प्रतीक मात्र थिएन, त्यो अछामको समृद्धिका लागि सुम्पिएको एउटा गहन जिम्मेवारी थियो ।

हामीले जिल्लाको विकास र जनसेवाका लागि सुधारका केही महत्वपूर्ण इँटाहरू थप्न सुरु गरेका थियौँ । तर, भाद्र २३ र २४ गतेपछिको त्यो अप्रत्याशित राजनीतिक मोड र प्रतिनिधि सभाको विघटनले गर्दा यहाँहरूले सुम्पिनुभएको पाँच वर्षको कार्यकाल बीचैमा अधुरो रहन पुग्यो । मेरा संकल्पहरू र तपाईंका अपेक्षाहरूलाई मूर्त रूप दिन नपाउँदै हामीले बिदा हुनुपर्ने एउटा कठिन परिस्थिति निर्माण भयो । ती अधुरा सपनाहरूलाई पूर्णता दिनु र अछामको

माटोलाई विकासको नयाँ मूलधारमा जोड्नु मेरो पहिलो र अनिवार्य अभिभारा हो ।

आज अछाम मात्र होइन, समग्र देशले नै एउटा नयाँ दिशा र परिवर्तन खोजिरहेको छ । त्यो परिवर्तनको नेतृत्व गर्न नेपाली कांग्रेस अब नयाँ ऊर्जा र नवीन संकल्पका साथ मैदानमा छ। **“बदल्यौं कांग्रेस र बदल्छौं देश”** को संकल्प बोकेर हामी देशैभर निर्वाचनमा होमिएका छौं । यो लडाइँ केवल मेरो एक पदका लागि होइन, यो अछामको स्वाभिमान र देशको भविष्य सुनिश्चित गर्नका लागि हो ।

त्यसैले, विगतका अधुरा कामहरूलाई सम्पन्न गर्न र समृद्ध अछाम निर्माणको अभियानलाई निष्कर्षमा पुऱ्याउन म पुन: एकपटक यहाँहरूको घरदैलोमा आएको छु । यही **फागुन २१** गते हुने प्रतिनिधी सभाको निर्वाचनमा ‘**रुख**’ चिह्नमा मतदान गरी मलाई विजयी गराउनुहुन हार्दिक अपिल गर्दछु । तपाईंको एक मतले अछामको भविष्य बदल्नेछ । म वचन दिन्छु– तपाईंको भरोसालाई कहिल्यै टुट्न दिने छैन । – अछामको समृद्धी, हाम्रो साझा संकल्प !

हामी केवल आश्वासनमा होइन, परिणाममा विश्वास गर्छौं । **हेर्नुहोस् हामीले २ वर्ष ८ महिनामा गरेका महत्वपूर्ण उपलब्धिहरू**

- **उर्जा:** १७ वर्षदेखि अलपत्र अछाम दरबारको निर्माण सम्पन्न र उद्घाटन, वेतन कर्णाली हाइड्रोपावरको एएब सम्झौता र निर्माण सुनिश्चितता, १ अर्ब १३ करोडको लगानीमा जिल्लाभर पूर्ण विद्युतीकरणको ठेक्का।
- **स्वास्थ्य:** जिल्ला अस्पताल अछामको सुविधासम्पन्न भवनका लागि ६० करोड (१० करोड प्रारम्भिक + ५० करोड नियमित) बजेट सुनिश्चित।
- **यातायात र पूर्वाधार:** जङ्गलघाट पुलको ठेक्का सम्झौता, गैरिटाड–बाँसकाडा सडक कालोपत्रे, र कमलबजार विमानस्थलको सफल उडान परीक्षण र व्यावसायिक सञ्चालन।
- **शिक्षा:** तुर्माखाद, ढकारी र मंगलसेनका विभिन्न विद्यालयहरू (विश्व ज्योति, बिन्ध्यबासिनी, गुरुकुल आदि) का लागि करोडौंको भवन निर्माण बजेट।

- **सहरी विकासः** मंगलसेन बसपार्क, कमलबजार र विनायकमा सघन सहरी विकास कार्यक्रम अन्तर्गत करोडौंका आयोजनाहरू सञ्चालन।

## पालिकागत मुख्य उपलब्धिहरू (संक्षेपमा)

- तुर्माखाद भूलु–रहफ सडक, तल्लो डुंगेश्वर–रहफ पक्की पुल, विद्यालय भवनहरू र जङ्गलघाट पुलको सुरुवात।
- कमलबजार विमानस्थल स्तरोन्नति, सघन सहरी कार्यक्रम (४ करोड), र स्याउले–फल्टाने सडक निर्माण।
- पञ्चदेवल विनायक सघन सहरी विकास (१८ करोड), बेलखेत–चिल्तडा–भानाकोट सडक र खानेपानी सर्भे।
- ढकारी, कमलबजार–घोडासैन–ढकारी सडक (८ करोड), खानेपानी आयोजना र विद्यालय भवनहरू।
- मंगलसेन अस्पताल भवन, बसपार्क, बजार सडक कालोपत्रे, डम्पिङ साइट र दरबारको बाह्य संरचना।

## आगामी संकल्प र प्रतिवद्धता

नेपाली कांग्रेसले सार्वजनिक गरे प्रतिज्ञा पत्र र भिजन १० लाइ केन्द्रमा राखेर म निम्न कामहरू गर्ने प्रतिवद्धता व्यक्त गर्दछुः

### १. सामाजिक रूपान्तरण र कुरीति अन्त्य

बलविवाह, महिनावारी विभेद र जातीय विभेदका विरुद्ध केवल भाषण होइन, व्यावहारिक र कानुनी अभियान सञ्चालन गरिनेछ। "कुरीति मुक्त अछाम, सम्मानित अछामी" मेरो पहिलो प्राथमिकता हो।

### २. विभेदरहित विकासको राजनीति

राजनितिक आस्थाका आधारमा बजेट बाँड्ने परिपाटीको अन्त्य गरिनेछ। पहुँचका आधारमा होइन, 'आवश्यकताका आधारमा बजेट' को सुनिश्चितता गरिनेछ।

### ३. शिक्षामा आधुनिक क्रान्ति

'एक पालिका, एक नमुना विद्यालय' र एक प्रदेश निर्वाचन क्षेत्र एक बहुप्राविधिक शिक्षालय' निर्माण गरिनेछ।

ECED शिक्षकको उचित पारिश्रमिक र विद्यालयमा राजनीतिक हस्तक्षेपको अन्त्य गरिनेछ ।

युवाका लक्षित ‘एक पालिका, एक आधुनिक ई–लाइब्रेरी’ निर्माण गरिनेछ ।

## ४. गुणस्तरीय स्वास्थ्यः गाउँ–गाउँमा डाक्टर

जिल्ला अस्पतालको सुविधा सम्पन्न भवन सहित अस्पतालको स्तर उन्नती गर्दै सर्भशुलभ स्वास्थ्य सेवामा नागरिकको पहुँच पुर्‍याईनेछ ।

प्रत्येक पालिकामा न्यूनतम एक एमबीबीएस डाक्टर र सुत्केरी महिलालाई विशेष प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

महिला स्वास्थ्य स्वयंसेविकालाई उचित पारिश्रमिक र सम्मान गरिनेछ ।

## ५. पूर्वाधार र समृद्धिको मेरुदण्ड

सेती लोकमार्गः निर्वाचित भएको पहिलो वर्षभित्रै द्रुत गतिमा काम सुरु गराइ सड्क सञ्चालन गराउन पहल गरिनेछ ।

जंगलघाट पुल निर्माण : पहाड र तराईको दूरी कम गर्न यो पुल निर्माण मेरो विशेष पहल हुनेछ ।

पालिका केन्द्र जोड्ने सडक कालोपत्रे र अन्य ग्रामिण सड्क बाह्रै महिना सञ्चालन तथा स्तरउन्नती गरिनेछ ।

रहफ भुलु कुनिगडा तुल्ता रानीवन बेलखेत भानाकोट खुलाल कालिकोट जोड्ने कर्णाली करिडोर सडक निर्माणका लागि बिशेष पहल गरिनेछ ।

सेती लोडे बस्ती कुन्ती मंगलसेन ओलिगाउँ जुपु बल्डाडा रोल रामारोशन पर्यटन मार्गका लागि पहिलो बर्षमै पहल गरिनेछ ।

तल्लो डुंगेश्वर पक्की पुल निर्माण र बेनी सेतीमा पनि पक्की पुल निर्माणका लागि बिशेष पहल गरिनेछ ।

भुलु रहफ सडक निर्माण गरिनुका साथै अपर कर्णाली हाइड्रो पावर निर्माणको पहल परिनेछ ।

सेती लोकमार्ग लोडेघाट देखि बस्ती कुन्ती मंगलसेन वलीगाउँ जुपूँ रोल रामारोशन पर्यटन मार्ग पक्की सडक निर्माण गरिनेछ ।

## ६. सञ्चार

अछामका 'नो–नेटवर्क' क्षेत्रमा तत्काल मोबाइल टावर र टोल–टोलमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

## ७. पर्यटन र सांस्कृतिक धरोहर

कमलबजार विमानस्थलको नियमित सञ्चालनका लागि बिशेष पहल गरिनेछ।

यस क्षेत्रका धार्मिक तथा पर्यटकिय क्षेत्रलाइ पर्यटकीय गन्तव्यका रूपमा विकास गरी आयआर्जनसँग जोडिनेछ।

## ८. कृषिमा आधुनिकीकरण र रोजगारी

रैथाने बालीको संरक्षण र नगदे बालीको बजारिकरणका लागि 'कोल्ड स्टोर' (भण्डारण) को व्यवस्था।

परम्परागत आरन र सिलाई कटाइलाई आधुनिक मेसिन र प्रविधिसँग जोडी स्वरोजगार सिर्जना।

## ९. युवा, खेलकुद र लक्षित वर्ग

'एक पालिका, एक सुविधायुक्त खेल मैदान' निर्माण गरिनेछ।

## १०. रोजगारी सिर्जना

स्थानीय स्तरमै कृषि, पर्यटन र साना उद्योगमार्फत युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर।

## ११. अधुरा कामको पूर्णता

सुरु गरिएका ठूला पूर्वाधार र विकासका योजनाहरूलाई समयमै सम्पन्न गरी नतिजा दिलाउने

## १२. भ्रष्टाचार र कुशासन विरुद्ध

"नैतिकतामा गर्व गर्ने आधुनिक नेपाल" बनाउने केन्द्रीय लक्ष्य अनुरूप अछाममा पारदर्शी प्रशासन सञ्चालन गर्न पहल गरिनेछ।

मैले हिजो छोटो समयमा पनि काम गरेर देखाएको छु, आज पनि मेरो अनुभव र ऊर्जा अछामकै लागि छ। सिंहदरबारमा अछामको आवाज मत्थर हुन दिने छैन। लोकतन्त्रको रक्षा र **"समुन्नत अछाम, सम्मानित अछामीका"** लागि फागुन २१ गते 'रुख' चिह्नमा मतदान।

**"अनुभवको सम्मान, अछामको शान: पुष्प शाहलाई मतदान"**